आज मिति २०७८ साल बैशाख २१ गते मङ्गलबारका दिन बेसीशहर नगरपालीकाका नगर प्रमुख श्री गुमान सिंह अर्याल ज्यु को अध्यक्षतामा कार्यपालीकाको ६८ औं बैठक बसी तपसिल बमोजिमको उपस्थितीमा तपसिल बमोजिम छलफल एवं निर्णय गरीयो ।

उपस्थिती :

१. प्रमुख श्री गुमान सिंह अर्याल
२. उप-प्रमुख श्री लक्ष्मी देवी अधिकारी
३. प्रमुख प्रशासकीय अधिकृत श्री लिला वल्लभ पौडेल
४. वडा अध्यक्ष वडा नं. १ श्री बलराम श्रेष्ठ
५. वडा अध्यक्ष वडा नं. २ श्री गणेश बहादुर कंडेल
६. वडा अध्यक्ष वडा नं. ३ श्री सुर्य कुमार श्रेष्ठ
७. वडा अध्यक्ष वडा नं. ४ श्री लालबिर गुरुङ
८. वडा अध्यक्ष वडा नं. ५ श्री बम बहादुर गुरुङ
९. वडा अध्यक्ष वडा नं. ६ श्री भोज बहादुर रिमाल
१०. वडा अध्यक्ष वडा नं. ७ श्री गोबिन्द बहादुर बस्नेत
११. वडा अध्यक्ष वडा नं. ८ श्री पवित्रा थापा राना
१२. वडा अध्यक्ष वडा नं. ९ श्री शरद बराल
१३. वडा अध्यक्ष वडा नं. १० श्री पुर्ण बहादुर ~~बस्नेत~~ थापा
१४. वडा अध्यक्ष वडा नं. ११ श्री अच्युत बाबु बगाले
१५. कार्यपालीका सदस्य श्री विष्णु माया राना
१६. कार्यपालीका सदस्य श्री मन्दिरा देनाई
१७. कार्यपालीका सदस्य श्री देव बहादुर राहतराज
१८. कार्यपालीका सदस्य श्री अजय मजाकोटी
१९. कार्यपालीका सदस्य श्री भत माया गुरुङ
२०. कार्यपालीका सदस्य श्री होज बहादुर खवास
२१. कार्यपालीका सदस्य श्री कृष्ण नेपाली
२२. कार्यपालीका सदस्य श्री आशा तामाङ

सहजकर्ता कर्मचारी

२३. कार्यक्रम अधिकृत श्री मेघेन्द्र पोखरेल
२४. अधिकृत श्री विमला गैंडे

**बेसीशहर नगरपालिका**
**बेसीशहर, लमजुङ**

*नगर कार्यपालिकाको ६८ औं बैठकका ऐजेण्डाहरु*

- कोभिड १९ को सम्बन्धमा ।
  - एलसिसिएमसीको निर्णय अनुमोदन
  - कोभिड कोष
- नगरपालिकाको संस्थागत क्षमता स्वमूल्याङ्कन सम्बन्धमा
- सेराकुना-नयाँखेत-कमरगाउँ-धुरपुरे सडक सम्बन्धमा ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमको सम्बन्धमा ।
- संगठन तथा व्यवस्थापन (O & M ) सर्वेको लागि बजेट विनियोजन सम्बन्धमा ।
- पशुसेवातर्फको कार्यक्रम हेरफेर सम्बन्धमा ।
- योजना सम्झौताको म्याद तोक्ने सम्बन्धमा ।
- निर्माण व्यवसायीलाई स्पष्टीकरण सोध्ने सम्बन्धमा ।
- फूलबारी मञ्च व्यवस्थापन योजनाको भुक्तानी सम्बन्धमा ।
- मेलमिलापकर्ताहरुको पारिश्रमिक सम्बन्धमा ।
- विविध
  - वडास्तरीय योजना संशोधन
  - सचेतना कार्यक्रम सम्बन्धमा ।

## निर्णयहरु

**निर्णय नं. १: कोभिड १९ को सम्बन्धमा ।**

(क) हाल नेपालमा कोभिड १९ को संक्रमण निकै उच्च गतिमा फैलिरहेको अवस्थामा यस बेसीशहर नगरपालिकामा जोखिम नियन्त्रण, रोकथाम तथा उपचारको सन्दर्भमा मिति २०७८/०१/१९ मा बसेको नगरपालिकास्तरीय कोभिड १९ संकट व्यवस्थापन केन्द्र (LCCMC) ले गरेका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

(ख) विपद् व्यवस्थापन अन्तर्गत नगरपालिकाको कोभिड कोषमा रु. २० लाख जम्मा गर्ने यसको लागि चालु खर्च अन्तर्गतको अन्य सहायता शिर्षकबाट ८ लाख (आन्तरिक आय),अन्य सामाजिक सहायता शिर्षकबाट ४ लाख (आन्तरिक आय) र समानीकरणतर्फको युवा उद्यम स्थापना र सञ्चालन सहयोग शिर्षकबाट ८ लाख झिक्ने र कोषको रकम मध्येबाट रु ६ लाख जिल्लास्तरीय कोभिड १९ संकट व्यवस्थापन केन्द्र (DCCMC) को निर्णय समेतका आधारमा जिल्ला कोभिड कोषमा जम्मा गर्ने निर्णय गरियो ।

**निर्णय नं. २: नगरपालिकाको संस्थागत क्षमता स्वमूल्याङ्कन सम्बन्धमा**

यस बेसीशहर नगरपालिकाको चालु आ.व. २०७७/०७८ मा गरिएको संस्थागत क्षमता स्वमूल्याङ्कनबाट प्राप्त भएको देहाय वमोजिमको नतिजालाई अनुमोदन गर्ने निर्णय गरियो ।

देहाय :

जम्मा प्राप्ताङ्क : ६५.२५%

समग्र स्थिति : ७२.६२%

प्रक्रियागत स्थिति : ६७.६५%

परिमाणात्मक स्थिति : ६०.००%

विषयक्षेत्रगत प्राप्ताङ्क

१.शासकीय प्रवन्ध : ८८.८९%

२.संगठन तथा प्रशासन : ६५.६३

३.वार्षिक बजेट तथा योजना व्यवस्थापन : ४१.४५%

४.वित्तीय एवम् आथिक व्यवस्थापन : ८१.८२%

५.सेवा प्रवाह : ६५.६३%

६.न्यायिक कार्य सम्पादन : १००%

७.भौतिक पूर्वाधार : ४८.४८%

८.सामाजिक समावेशीकरण : ६०%

९.वातावरण संरक्षण तथा विपद व्यवस्थापन : ५२.७८%

१०.सहकार्य र समन्वय : ५८.३३%

**निर्णय नं. ३: सेराकुना-नयाँखेत-कमरगाउँ-धुरपुरे सडक सम्बन्धमा ।**

चालु आ.व. २०७७/०७८ मा सेराकुना-नयाँखेत-कमरगाउँ-धुरपुरे सडकको लागि रु १५ लाख विनियोजन भएको, लागत इष्टिमेट गर्दा रड नराखी ढलान गर्ने गरी लागत इष्टिमेट गरिएको तर सडकको ग्रेड तथा पानीको वहावलाई विचार गर्दा रड राखेर मात्र ढलान गर्नुपर्ने देखिएको हुँदा शुरु लागत इष्टिमेट फरक पर्न गएकोले पुरानो सम्झौता रद्द गरी नयाँ लागत इष्टिमेट वमोजिम सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४: प्रधानमन्त्री रोजगार कार्यक्रमको सम्बन्धमा ।**

प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फ चालु आ.व.२०७७०७८ मा प्रक्रिया वमोजिम सञ्चालनमा आइसकेका योजनाहरुलाई निरन्तरता दिने तथा बाँकी योजनाहरुलाई १०० रोजगार दिन पुग्न नसक्ने हुँदा रोक्ने निर्णय गरियो ।

**निर्णय नं. ५: संगठन तथा व्यवस्थापन (O & M ) सर्वेक्षणको लागि बजेट विनियोजन सम्बन्धमा ।**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ वमोजिम यस बेसीशहर नगरपालिकाको सङ्गठन तथा व्यवस्थापन (O & M ) सर्वेक्षण गर्नको लागि चालु खर्च शिर्षकको सेवा र परामर्श शिर्षकबाट रु ५ लाख विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६: पशुसेवातर्फको कार्यक्रम हेरफेर सम्बन्धमा ।**

चालु आ.व. २०७७/०७८ को पशुसेवातर्फको कार्यक्रम अन्तर्गत देहायका कार्यक्रमहरु देहाय अनुसार संशोधन गर्ने निर्णय गरियो ।

| क.सं | कार्यक्रम | कायम भएको रकम | थप रकम व्यहोर्ने शिर्षक |
|---|---|---|---|
| १ | व्यवसायिक बाखा २० माउ ११ | ४,४०००० | माछा विकास कार्यक्रमबाट रु |

| | | | |
|---|---|---|---|
| | वटा कार्यक्रम | | १४००००।-<br>कृषि पशुपंक्षी विमा कार्यक्रमबाट रु १०००००।- |
| २ | उन्नत नश्लको राँगो वितरण ४ वटा | २,६०,००० | पशु सेवा सम्बन्धी मागमा आधारित कार्यक्रमबाट रु ६५,०००।- |
| ३ | यान्त्रिकरण कार्यक्रम बडिजो ८ वटा | १,७५,००० | पशुसेवा सम्बन्धी मागमा आधारित कार्यक्रमबाट रु २०,०००।-<br>माछा विकास कार्यक्रमबाट रु २५,००० |
| ४ | पिग क्याचर ४ वटा | ३५,००० | पशुसेवा सम्बन्धी मागमा आधारित कार्यक्रमबाट रु ३५,०००।- |

**निर्णय नं. ७: योजना सम्झौताको म्याद तोक्ने सम्बन्धमा ।**

विविध कारणले हालसम्म सम्झौता हुन नसकेका चालु आ.व.मा सञ्चालन हुने योजनाहरुको सम्झौता गर्ने अन्तिम म्याद २०७८ जेष्ठ १५ गतेसम्म तोक्ने निर्णय गरियो ।

**निर्णय नं. ८: निर्माण व्यवसायीलाई स्पष्टीकरण सोध्ने सम्बन्धमा ।**

चालु आ.व. २०७७/०७८ का योजनाहरुमध्ये उदीपुर-रिठ्ठेबगर-भकुण्डे-तिलाहार बस्नेतगाउँ सडक निर्माणको ठेक्का पाएको थिङ्क कन्स्ट्रक्शनले हालसम्म पनि निर्माण कार्य शुरु नगरेको हुँदा सो निर्माण सेवालाई ५ दिनको म्याद दिई स्पष्टीकरण सोध्ने निर्णय गरियो ।

**निर्णय नं. ९: फूलबारी मञ्च व्यवस्थापन योजनाको भुक्तानी सम्बन्धमा ।**

यस नगरपालिका वडा नं ८ स्थित फूलबारी मञ्च व्यवस्थापन योजनाको लागि चालु आवमा रु ४०,००,०००।- विनियोजन भएको र उक्त कार्यको लागि तिनकन्या कन्स्ट्रक्शनसंग रु.४१,१३,८६२।- मा सम्झौता भई कार्य सम्पन्न हुँदा खुद भएको कामको विल रु ४१,०५,८६७- आएकोले विनियोजित रकमबाट अपुग हुन गएको रकम रु १,०५,८६७- पूर्वाधार विकास फुटकर शिर्षकबाट भुक्तानी दिइएको व्यहोरालाई समर्थन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० : मेलमिलापकर्ताहरुको पारिश्रमिक सम्बन्धमा ।**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ वमोजिम मेलमिलापकर्ताहरु मार्फत विवादको निरुपण गर्दाको बखत मेलमिलापकर्ताहरुलाई प्रति मुद्दा जनही रु ५००।- का दरले न्यायिक समिति सम्बन्धी शिर्षकबाट पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।

बेसीशहर नगर कार्यपालिकाको मिति २०७८/०१/२२ गतेको बैठक

**निर्णय नं. ११ : विविध/ वडास्तरीय योजना संशोधन सम्बन्धमा।**

चालु आवको देहायका वडास्तरीय योजनाहरु देहाय अनुसार संशोधन गर्ने निर्णय गरियो।

| साविकको कार्यक्रम | विनियोजित बजेट | हाल कायम गरिएको कार्यक्रम | विनियोजित बजेट |
|---|---|---|---|
| १.लघु कृषि परियोजना तथा महिला उद्यम कार्यक्रम बेनपा १ | १०,००,०००।- | १.लघु कृषि परियोजना बेनपा १<br>२.विभिन्न सामुदायिक भवन तथा शौचालयहरु मर्मत र फर्निचर खरीद बेनपा १ | ८,००,०००।-<br>२,००,०००।- |
| २.विपद व्यवस्थापन खर्च बेनपा ८ | २,००,००० | मर्स्याङ्दी पहिरो संरक्षण वेनपा ८, ठाडोलाइन पुछार | २,००,००० |

**निर्णय नं. १२ : विविध/ सचेतना कार्यक्रम सम्बन्धमा।**

हाल कोभिड १९ को संक्रमण उच्च गतिमा फैलिइरहेको अवस्थामा यसको रोकथाम र नियन्त्रणको लागि सर्वसाधरण नागरिकहरुलाई अनिवार्य मास्क लगाउने, नियमित हात धुने जस्ता स्वास्थ्य मापदण्ड पालना गराउनको लागि यस सम्बन्धी सचेतना कार्यक्रम सम्वन्धित वडाध्यक्षको अगुवाइमा सवै वडाहरुमा सञ्चालन गर्ने निर्णय गरियो।